नेपाल सरकार

# खानेपानी मन्त्रालय

फोन नं.: ४२११६९३
फ्याक्स : ९७७-१-४२११४३३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७५/०७६
चलानी नं.:- ८२

## मेलम्ची खानेपानी आयोजना सम्बन्धि खानेपानी मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्ति

नेपालको राष्ट्रिय गौरवको आयोजनाका रुपमा परिचित मेलम्ची खानेपानी आयोजना दुई दशक पूरानो राष्ट्रिय आयोजना हो । मेलम्ची आयोजना वि.सं. २०६५ सालमा सिआरसीसी नामक चिनियाँ कम्पनिसँग ठेक्का सम्झौता भएको थियो । तर, चिनियाँ कम्पनिसँग वि.सं. २०६९ असोज ९ गते निर्माण सम्झौता भङ्ग भएपछि नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गतको मेलम्ची खानेपानी विकास समितिले इटालीको सिएमसी कम्पनिसँग वि.सं. २०७० असार ३१ गते दोस्रो निर्माण सम्झौता गऱ्यो ।

मेलम्ची विकास समिति र सिएमसी कम्पनिबीच ७ अर्ब ७२ करोड, ३४ लाख, ७१ हजार ३४२ नेपाली रुपैंयामा प्रारम्भिक निर्माण सम्झौता भएको थियो । सम्झौतामा सिएमसीले ३६ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख थियो । निर्माण सामग्रीको अभाव, भूकम्प, नाकाबन्दीजस्ता कारणहरुले मेलम्ची आयोजनाको निर्माण कार्य सम्झौतामा उल्लेखित मितिमै सम्पन्न हुन सकेन । निर्माण कार्यमा भएको ढिलाइले काठमाडौंका उपभोक्ता र आम नेपाली जनसमुदायलाई समेत मेलम्ची आयोजनाप्रति केही निरासा पैदा हुन पुग्यो ।

खानेपानी मन्त्रालयको नेतृत्व माननीय मन्त्री बिना मगरज्यूले सम्हालेपछि मेलम्ची आयोजनाको निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्न अथक प्रयत्न गरेको व्यहोरा यहाँहरु सबैमा अवगत नै छ । मन्त्रीज्यूको अगुवाइमा मेलम्चीको निर्माण कार्यमा देखिएका समस्या, त्यसको समाधान र सहजीकरणमा निकै राम्रो प्रगति हासिल भयो । पछिल्लो ६ महिनाको अवधिमा मेलम्ची आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको मात्र छैन, अब मेलम्ची सुदुर भविष्य विषय रहेन भन्ने सकारात्मक सन्देश समेत प्रवाह भएको छ ।

हालसम्म मेलम्ची खानेपानी आयोजनाको ९० प्रतिशतभन्दा बढी निर्माण कार्य सम्पन्न भएको छ । २७ किलोमिटर लामो सुरुङ मार्ग निर्माणको कार्य सम्पन्न भइसकेको छ, सुरुङको भुइँ ढलान लगायत फिनिसिङको काम सम्पन्न भएको छ । सुन्दरीजलको प्रशोधन केन्द्रको निर्माण कार्य पूरा भएको छ । आयोजनासँग सम्बन्धित प्राविधिक पक्ष लगायतका महत्वपूर्ण कामहरु सम्पन्न भइसकेका छन् । आयोजनामा भेल्टिलेसन साफ्ट, हेड वर्क्स, अडिट टलेनको गेट, सेन्सर क्यामेराका केही काम मात्र बाँकी छन् । अब कुनै विशेष प्रतिकूल परिस्थितिबाहेक आयोजनाको प्रगति रोकिने अवस्था छैन ।

आयोजनाको निर्माण कार्य अगाडि बढिरहेकै सन्दर्भमा गत आइतबार बेलुका ठेकेदार कम्पनि ( सिएमसी) का प्रमूख म्यानेजर क्रिस्टियानो ग्रेको लगायतको टोलीले अनुमति बिना आयोजना स्थलबाट भागेर एकाएक नेपाल छोड्न खोजेको मेलम्ची खानेपानी आयोजना र खानेपानी मन्त्रालयले जानकारी

गजेन्द्र कुमार ठाकुर
सचिव

नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११६९३
फ्याक्स : ९७७-१-४२११४३३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७५।०७६
चलानी नं.:- ४३

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

पाएपछि अध्यागमनमा क्रिस्टियानो लगायतका प्रतिनिधिको अवस्था बुझ्न खानेपानी मन्त्रालयले गृह मन्त्रालयलाई अनुरोध गरेको थियो । मन्त्रालयको अनुरोधबमोजिम अध्यागमन विभागले निजहरुलाई निगरानीमा राखेको छ । पछिल्लो विकसित घटनाक्रमपछि मन्त्रालय आयोजनाको काम प्रभावित नहुने गरी समस्या समाधान गर्न निरन्तर क्रियाशील छ ।

मन्त्रालयले सोमबार र मंगलबार सरोकारवाला पक्ष र निकायसँग औपचारिक एवं अनौपचारिक रुपमा बैठक र परामर्श गरिरहेको छ । मन्त्रालयले समस्या समाधानका लागि मेलम्ची खानेपानी विकास समिति, ठेकेदार कम्पनि (सिएमसी) का प्रतिनिधि, परामर्शदाता इप्टिसा, एसियाली विकास बैंक, विज्ञहरु, कानूनका ज्ञाताहरु लगायत आवश्यक संस्था र व्यक्तिहरुसँग विभिन्न चरणमा परामर्श गरेको छ । मन्त्रालयले परामर्शदाता कम्पनि इप्टिसालाई मेलम्ची आयोजनाको सुरुङको प्राविधिक विश्लेषणसहितको प्रतिवेदन तयारी पारी एक हप्ताभित्र पेश गर्न निर्देशन दिइसकिएको व्यहोरा अवगत गराउन चाहन्छौं ।

मन्त्रालयले निर्धारित कार्यतालिका प्रभावित नहुने गरी आयोजना सम्पन्न गर्न विभिन्न बिकल्पमा छलफल गरिरहेको छ । अहिलेकै सिएमसी कम्पनिमार्फत् आयोजनाको निर्माण कार्य सम्पन्न गर्न सकिने अवस्थाका बारेमा पनि मन्त्रालय र मेलम्ची आयोजनाले विभिन्न विकल्प राखेर परामर्श गरिरहेको छ । अहिलेकै ठेकेदार कम्पनिले काम नगर्ने परिस्थितिमा समेत कार्यतालिका प्रभावित नहुने गरी आयोजना सम्पन्न गर्न मन्त्रालय सक्षम र तम्तयारी अवस्थामा रहेको व्यहोरासमेत सरोकारवाला निकाय, उपभोक्ता र आम जनसमुदायमा स्पष्ट गर्न चाहन्छौं ।

अन्त्यमा, विकसित परिस्थितिबाट मेलम्ची आयोजनाको निर्माण कार्य प्रभावित नहुने व्यहोरा स्पष्ट गर्दै आयोजनाप्रति कहीं कतै आशङ्का नगर्न र निर्माण कार्यमा नेपाल सरकारलाई आ-आफ्नो स्थानबाट सकारात्मक सुझाव र उत्प्रेरणा प्रदान गर्नुहुन सम्पूर्णमा हार्दिक अपील गर्दछौं ।

मिति : ३ पौष, २०७५

.........................
सचिव
नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

गजेन्द्र कुमार ठाकुर
सचिव